# चितवनका थारूहरूले मनाउने सोहराई चाड: एक अध्ययन

रीता ढुंगेल

प्रस्तुत लेख नेपालको चितवन जिल्लाको वछ्यौली गा.वि.स. अन्तर्गत सौराहा तथा वछ्यौली र पदमपुर गा.वि.स. अन्तर्गत पटना गाउँको स्थलगत अध्ययनमा आधारित छ । सौराहामा "थारू संस्कृतिमाथि पर्यटनको प्रभाव" विषयमा अध्ययन गर्ने सिलसिलामा अनुसन्धानकर्ताले उनीहरूको एक महत्त्वपूर्ण चाड सोहराईलाई मानवशास्त्रीय अनुसन्धान पद्धति अन्तर्गत प्रत्यक्ष तथा सहभागी अवलोकन गरी प्रस्तुत लेख तयार पारिएको हो ।

थारूहरूको अध्ययन गर्ने सन्दर्भमा विभिन्न मानवशास्त्रीहरूद्वारा समय समयमा विभिन्न पुस्तक तथा लेखहरू प्रकाशित भइसकेका छन् जसमध्ये भारतीय मानवशास्त्री मजुमदार (१९४४) तथा श्रीवास्तव (१९५८) आदिले केवल भारतका थारूहरूको बारेमा मात्र चर्चा गरेका छन् भने विदेशी मानवशास्त्रीमा म्याक डोगल (१९६८) तथा म्याक डोनाग (१९८४) आदिले पश्चिम नेपालको दाङ जिल्लाको थारूहरूको बारेमा अध्ययन गरेको पाइन्छ ।

त्यसरी नै पञ्जीया (१९९३) ले थारू जातिको इतिहासको बारेमा लेखेका लेखहरू तथा नेपाली समाजशास्त्री प्याकुरेल (१९८२) ले चितवन जिल्लामा गरेको अध्ययनबाट पनि थारू जातिको अध्ययन गर्ने क्रममा मानवशास्त्री तथा समाजशास्त्रीहरूको संख्यामा पनि बृद्धि हुँदै गइरहेको पाइन्छ । चितवनका थारूहरूको सम्बन्धमा जर्मन भूगोलविद् मूलर-वोकर (१९९१) ले प्रशस्त अध्ययन गरेका छन् तापनि उल्लेखित पर्वको बारेमा भने मौन नै देखिन्छन् । अझ गुणरत्ने (१९९४) ले चितवन जिल्लाको थारूहरूको बारेमा विस्तृत मात्रामा अध्ययन गरी यस सम्बन्धमा विभिन्न लेखहरू पनि प्रकाशित गरेका छन् तर प्रस्तुत चाडको बारेमा भने कुनै पनि चर्चा गरिएको पाइँदैन । थारू जातिको चाडपर्वको सम्बन्धमा निस्किएका विभिन्न लेखहरू पनि केवल जितिया, पितृऔंसी, होरी, माघी आदिमा मात्र केन्द्रित भएको पाइन्छ । यस सन्दर्भमा कुँवरद्वारा राना थारूहरूले बडो धूमधामका साथ मनाउने चाड होरी (१९९६) र दाङका दङ्गौरा थारूहरूले मनाउने माघी चाड (१९९८) को बारेमा प्रकाशित लेखहरूबाट तथा सोही लेखकद्वारा "चितवनको थारू समाजमा पर्यटनको प्रभाव (१९९९)" शीर्षक माथि गरेको विस्तृत अध्ययनबाट प्रस्तुत चाडको सम्बन्धमा कुनै पनि झलक नपाइएबाट कतै चितवनका थारूहरूको महत्त्वपूर्ण पर्व सोहराईको बारेमा जानकारी नै नभएको त होइन भन्ने शंका व्यक्त गर्न सकिन्छ । तर चौधरी (२०५५)

ले चितवनका थारूहरूको परिचय दिने क्रममा बडो हलुकापनले यस पर्वको बारेमा उल्लेख गरेको पाइन्छ । तसर्थ कसैले पनि प्रस्तुत चाड सम्बन्धमा अनुसन्धानात्मक प्रवृतिबाट अध्ययन गरेर कुनै पनि लेखहरू तयार गरिएको नपाइएको हुनाले यस लेखका अनुसन्धानकर्ताद्वारा पहिलो पल्ट यस सोहराई चाडको बारेमा अनुसन्धानात्मक लेख तयार पारिएको छ ।

अज्ञातकालदेखि नेपालमा बसोबास गरिआएका तपस्वी योगीले झैं तराईको प्रचण्ड गर्मी र औलोलाई पचाई तथा अनकण्टार जंगल फाडेर दुःसाध्य भूमिलाई साध्य र उर्वर बनाई बसेको स्वभावैले सरल, इमान्दार, सोझो र मेहनती थारू जाति चितवनका प्रमुख आदिबासीको रूपमा चिनिन्छन् । थारू जाति नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराईका लगभग २४ जिल्लामा बसोबास गर्दै आइरहेका छन् । २०४८ सालको जनगणना अनुसार थारूको कुल जनसंख्या १,००,१२० (गुरूङ तथा साल्टर, १९९६:२०७) मध्ये चितवन जिल्लामा ४४,६४० (चौधरी, २०५५:१५) थारू बसोबास गर्दै आइरहेका छन् । चितवनका थारूहरू चितवनको ३९ गा.वि.स. मध्ये पहाडी गा.वि.स. बाहेक वछ्चौली, पदमपुर, रत्ननगर नगरपालिका, कुमराज, खैरहनी, कठार, भण्डार, मंगलपुर, पार्वतीपुर, शारदानगर, दिव्यनगर, मेघौली, गीतानगर, पटिहानी, जगतपुर, शुकनगर, गर्दी, बघौडा (माडी क्षेत्र) आदि ठाउँमा मुख्य रूपमा बसोबास गर्दै आएको पाइन्छ (ऐजन, १४)। नेपालको विभिन्न जिल्लामा बसोबास गर्ने थारूहरूमध्ये चितवनमा बस्ने थारूहरू जो चितौनीया थारूको रूपमा चिनिन्छन् उनीहरूको भेष-भूषा, भाषा, रीतिरवाज, चाडपर्व, संस्कृति आदि अरू ठाउँको थारूहरूको भन्दा अलि भिन्नै देखिन्छ । चितौनीया थारूहरू राजपुत, थरवोट, थरकुहार, वातर, मर्दनिया, पावे, दिसावाह, पंजियार, खौसिया, वाठ, खोजोवर, गोरत, दहित, राउत, कटहरिया, कोचिला आदि थर तथा उपथरमा विभक्त भएको पाइन्छ (ऐजन, १७)। यी थारूहरूले बोल्ने भाषा भारतको विहारको चम्पारण जिल्लामा बोलिने भोजपुरीसंग मिल्दछ । राहुल सांकृत्यानले विहार, भारतको अन्य क्षेत्रमा बोलिने मगही भाषासंग थारूको साहित्य निकट रहेको देखाएका छन् (ऐजन, २०)। जिवीकोपार्जनको लागि कृषिलाई मुख्य पेशाका रूपमा अपनाउने यी चितौनीया थारूहरूको पोशाक तथा गहना पनि भिन्दै किसिमको पाइन्छ तर आजभोलि समयको परिवर्तन संगसंगै युवा-युवती लगायत बूढापाका पनि आधुनिक किसिमको पोशाकमा देखिन थालिसकेका छन् । चितौनीया थारू जातिको आफ्नै किसिमको मौलिक संस्कृति, परम्परा र चाडपर्वहरू छन् । प्रत्येक सांस्कृतिक परम्परा र चाडपर्वमा प्रयोग गरिने सरसामान र विधिविधानहरूमा प्रतीकात्मक अर्थ लुकेको हुन्छ । यिनीहरूले मनाउने विभिन्न चाडपर्वहरूमध्ये प्रमुख चाडपर्वहरू यस प्रकार छन्–जितिया, पावनी, यमोशा, फगुवा, बुढवा, यतवार, सोहराई, वरहो एकादशी (हरिवोधनी), चैतनवमी आदि । चितौनिया थारूहरूले विधिवत् रूपमा बडो धूमधामका साथ मनाउने यी उल्लेखित चाडपर्वहरूमध्ये पनि सोहराई चाडको आफ्नै किसिमको महत्त्व र विशेषता रहेको देखिन्छ । तीन दिनसम्म बडो मनोरञ्जनात्मक तरिकाले विधिविधानका साथ मनाइने प्रस्तुत सोहराई चाड कार्तिक कृष्ण पक्षको दिनदेखि शुरू गरी कार्तिक कृष्ण पक्ष औंसीको दिनमा समापन गरिन्छ । यो चाड दशैंको ठीक १६ दिनपछि पर्ने हुनाले पनि यस चाडलाई सोहराई भनेको हो कि भन्ने शंका त्यहाँका थारूहरू गर्दछन् ।

सोहराईको पहिलो दिनलाई पीठकुटी भनिन्छ । त्यस दिन प्रत्येक घरका महिलाहरूले चामल पिनेर पीठो ल्याई विभिन्न प्रकारका रोटीहरू तयार पार्ने हुनाले पनि त्यस दिनलाई पीठकुटी भनिएको हुन सक्छ । पहिला पहिला सो दिनमा चामल ढिकीमा नै कुट्नु पर्ने चलन रहेकोमा पछि विस्तारै विस्तारै मिलमा कुटेर ल्याई अलिकति ढिकीमा कुटेको चामलको पिठो मिसाई रोटी बनाउने चलन रहँदै आएको थियो । तर हाल आएर भने सबै चामल मिलबाट नै कुटेर ल्याई विभिन्न किसिमको रोटीहरू बनाउने चलन रहेको पाइन्छ । पिनेर ल्याएको पिठोबाट रोटी बनाउने क्रममा कसैले पहिले नै पिठो भुटेर रोटी बनाउँछन् भने

कसैले पिठो नभूटीकन नै उमालेको पानी हालेर बेस्मारी मुछेर एकछिन छाडिदिन्छन् र त्यस पछि आफूलाई कस्तो खालको रोटी बनाउन इच्छा छ सोही अनुरूप रोटी बनाउने गर्दछन् । यस्तो रोटी बनाउने काममा खासगरी पुरूष वर्गभन्दा महिला वर्ग नै बढी सक्रिय भएको देखिन्छ । स-साना बालकहरू पनि जानी नजानी रोटी बनाउन तम्सी आ-आफ्नो परिवारलाई सहयोग पुऱ्याइरहेका देखिन्छन् । रोटी बनाउन सर्वप्रथम आगोमाथि हाँडी (एक किसिमको भाँडो) राखी त्यस भित्र पानी हालिन्छ र सो हाडीमाथि पैनी राखिन्छ जसमा विभिन्न किसिमका रोटीहरू राखिएका हुन्छन् । तत्पश्चात भ्रोपता (विर्को) द्वारा ती रोटीहरू राखिएका पैनीलाई छोपी लगभग ३ घण्टा जति पकाइन्छ र पाकिसकेपछि नाङलोमा राखेर ती रोटीहरू एक अर्कामा नटाँसियोस् भनेर सेलाउनको लागि हम्किने गरिन्छ । यी रोटीहरू हेगां रोटी, नकगर रोटी, गैंडु रोटी, गोरू रोटी, ठेंगर रोटी, कापी रोटी, वखारी रोटी, डेगुवा रोटी, दुहुरी रोटी, काइँयो रोटी, दिवा रोटी, ठमेना रोटी, गाढा रोटी, माघल रोटी आदि विभिन्न नाममा नामकरण गरिएको पाइन्छ । ती रोटीहरू कुनै पूजा आजा नै नगरिकन पनि खान मिल्ने हुनाले पूजाको लागि मात्र रोटीहरू बनाइएका हुन् भन्न चाहिं अवश्य पनि मिल्दैन । अन्य हिन्दु समाजमा लक्ष्मी पूजा गर्दा चामलको रोटी चढाउनु पर्ने र चढाइसके पछि मात्र प्रसादको रूपमा ती सेलराटी खाने चलन छ तर उनीहरूमा भन्ने त्यस्तो कुनै चलन रहेको देखिंदैन । खाली पिठो र पानीको मिश्रणद्वारा मात्र तयार पारिएका ती रोटीहरूको स्वाद उनीहरूलाई निकै मिठो लाग्दछ ।

सोहराईको दोस्रो दिन दिउराई सबै गाउँलेहरूले माछा मारेर बडो हर्षोल्लासका साथ मनाउने गर्दछन् जसलाई मछवारी पनि भनिन्छ । तर हाल आएर यस्तो माछा मार्ने चलन भने दिनानुदिन घट्दै गइरहेको पाइन्छ । लक्ष्मीपूजाको दिन जसरी अन्य हिन्दु समाजमा आ-आफ्नो घरको सरसफाई तथा लिपपोत गर्दै घरलाई विभिन्न ध्वजा-पताकाले सिंगारछन् ठीक त्यसै गरी उनीहरूको घर घरमा पनि विशेष गरी बाल-बच्चाहरू आ-आफ्नो घर सिंगार्नमा व्यस्त देखिन्छन् । जब पहाड तथा अन्य क्षेत्रबाट विभिन्न जन जातिहरू बसाइँ सराईको क्रममा यस स्थानमा आएर बस्न थाले त्यसपछि मात्र थारू समुदायमा उनीहरूको देखासिकी गर्दै घर सिंगार्ने प्रवृत्तिको शुरूवात भएको कुरा स्थानीय व्यक्तिहरू बताउँदछन् । त्यसदिन बेलुका खासगरी आ-आफ्नो घरमा पालिएका पाल्तु जनावरहरू गाई, भैंसी, बाखा,आदिको सिंङमा तेल दली नाङ्लो वा थालमा नून, रोटी र बीचमा दियो राखेर पूजा गरिन्छ । यसरी पूजा गर्दा दियो बाल्नको लागि पहिला पहिला दियो रोटी नै बढी मात्रामा प्रयोग गरिन्थ्यो भने आज आएर दियो नै दियो रोटीको रूपमा प्रयोग हुन थालिसकेको पनि पाइन्छ । अझ पहिला पहिला त ती सबै पाल्तु जनावरलाई टन्न जीउभरि तेल दलेर राप्तीमा लगेर नुहाउने चलन पनि थियो भन्ने कुरा व्यक्त गरेको पाइन्छ । त्यसैदिन बेलुका घरमुलीबाट घरको आँगनमा पानी, रोटी, रक्सीद्वारा पूजा गरिन्छ । जुन विधिलाई दिउलीवाती लुटाउने भनिन्छ । सोही दिनको राति कुखुरा बासेपछि प्रत्येक घरबाट एक एक जना महिला उठी नुहाई चोखो भई एरिया (घाँस काट्ने करौती) र सुपा ( नाङ्लो) हातमा लिई नाङ्लो ठटाउँदै भान्छाबाट निस्की गीत गाउँदै दोबाटोसम्म पुगेर ती एरिया तथा सुपा त्यहीं छोडी पछाडि नफर्किकन घर फर्केर आउने गर्दछन् । दोबाटोमा छाडिएका ती सामानहरू पछि घरकै अन्य महिला तथा बच्चाहरू गई लिएर आउँदछन् । ती महिलाहरूले भान्छाबाट निक्ली दोबाटोसम्म पुग्दा गाउने गीत यसप्रकार छ- "दाल दलिदर भागहरे अन्दर लक्ष्मी घुस्टहरे"। यस गीतको सम्बन्ध पितृऔंसी अर्थात् योमासासंग रहेको देखिन्छ । योमासाको अन्तिम रातमा गाउँका सबै महिला तथा पुरूष जम्मा भएर यमोसा खान जाने भन्दै प्रत्येक घरघरमा गई यमोसाको नाममा केही न केही अवश्य खाने गर्दछन् । यसरी गाउँभरि नै चाहरेर खाँदा पनि सजिलैसंग पचाउन सक्नुको मुख्य कारण पेटभित्र भूतप्रेतले बास गरेको हुनाले नै होला भन्ने विश्वासले गर्दा योमासाको दिनमा पेटभित्र पसेको भूतप्रेतलाई हटाई लक्ष्मीको आगमनको लागि स्वागत गर्दै यसरी गीत गाउने चलन रहेको बुझिन्छ ।

सोहराई चाडको तेस्रो दिन घरका महिलाहरू बिहानै उठी भान्छादेखि घरको बाहिरी ढोकासम्म गोबरले लिप्दै ल्याई पूजाको लागि तयारी गर्दछन् । त्यसै दिन बिहान चामल, बेसार तथा नून मिलाएर भात पकाइन्छ र यसरी पकाइएको भातलाई हातले डल्ला डल्ला बनाइएर गाई, गोरू, भैंसीलाई खान दिइन्छ जसलाई भातक ग्वाला भनिन्छ । चामलको पिठो, पिना, पानी आदि मिसाइ गाई, गोरूको टाउको तथा जीउमा छाप लगाई गाईगोरूको पूजा गरिन्छ । शुरूशुरूमा यसरी पूजा गर्दा गाई गोरूलाई लौका खुवाउने चलन थियो भने आजभोलि मेवा तथा कुभिण्डोको प्रयोग पनि बढ्दै गइरहेको पाइन्छ । सोही दिनमा नै काठको गैंडु बनाएर गाई वस्तुको सम्भारको लागि भनी गोठमा राखी घरमुलीले पूजाआजा गर्दछ । त्यसदिन उनीहरूको पनि चाड हो भन्ने मनसायले मिठो मिठो चामल वा भात मात्र खुवाइन्छ तर नसक्नेले पराल वा घाँस पनि खान दिने गरेको पाइन्छ । त्यसैदिन गाई वस्तुलाई पनि टन्न रक्सी खुवाइन्छ ।

थारूहरूले नून साटासाट गरी बडो रमाइलोसंग यो चाड मनाउने गरेको देखिन्छ । त्यसदिन बिहान प्रत्येक घरबाट गाउँभरि अर्थात् आफ्नो दाजुभाई खलकमा आ-आफ्नो क्षमता अनुसार जति सकिन्छ त्यति नून लगिदिने चलन रहेको छ । केही स्थानीय व्यक्तिहरूको भनाइमा पहिला पहिला थारूहरूको आर्थिक अवस्था राम्रो थिएन जसले गर्दा सो दिनमा गाईवस्तुलाई खुवाउने पिठोमा अनिवार्य रूपमा नून राख्नुपर्ने हुनाले उनीहरूसंग नून किन्न समेत पैसा हुँदैनथ्यो । त्यसैले उनीहरू अरूको घरबाट नून सापटी ल्याएर आफ्नो आवश्यकता पूरा गर्ने गर्दथे तर पछि नून अरूको खायो भने नरकमा बास पाइन्छ भन्ने विश्वासले गर्दा फेरि कुनै अन्य घरबाट नून सापटी ल्याई पहिलो नून सापटी लिएको घरलाई तिर्ने गर्न थाले । यस्तो क्रम निरन्तर रूपमा चलिरहँदा अन्त्यमा आएर यो चलन परम्परागत नियमको रूपमा नै स्थापित भयो । त्यसैले आजसम्म पनि थारूहरू सोहराईको पर्वको तेस्रो दिन नून बाँड्नु पर्छ भन्ने विचारले थुप्रै नूनहरू किनेर ल्याउने गर्दछन् तर आर्थिक अवस्था कमजोर हुनेले चाहिं एउटाको घरबाट ल्याएको नून अर्कोको घरमा र अर्कोको घरबाट ल्याएको नून फेरि अर्कोको घरमा लाने गर्दछन् । पहिला पहिला यो नून लैजाने काम गोठालोले मात्र गर्दथे भने हाल आएर स-साना बालकहरू पनि नून यताउता लैजाने काममा व्यस्त रहेका देखिन्छन् ।

सोही दिनमा नै कृषिसंग सम्बन्धित विभिन्न औजार तथा अन्य सामग्रीहरू जस्तै- हलो, कोदालो, जुवा, कुटो, करौंती, भकारी, जाँतो, ढिकी, बन्चरो, घन, रन्धा, खन्ती, खुर्पा आदि सबैलाई पानीले सफा गरी चोखो तुल्याई एकै ठाउँमा राखिन्छ । त्यसपछि आर्थिक अवस्था राम्रो हुने परिवारले त्यहाँ राखिएका सामग्री पिच्छे नै कुखुरा काट्ने गर्दछन् भने आर्थिक अवस्था कमजोर हुनेले एउटै मात्र कुखुरा भए पनि सबैको प्रतिनिधित्व हुने गरी काट्ने गर्दछन् । यस्तो काम भने घरको मुख्य घरमुलीले गर्ने चलन छ । तत्पश्चात ती सामग्रीहरू त्यस दिनभरि नचलाइकन राख्ने गरिन्छ जसलाई ती औजारहरूको पावनी गरेको भनिन्छ । वर्ष दिनसम्म यी औजारहरू प्रयोगमा ल्याइने हुनाले सोहराईको तेस्रो दिनलाई यिनीहरूको चाडको रूपमा मान्दै यिनीहरूलाई खुशी पार्न एकदिन भए पनि पूजाआजा गर्ने गरेको पाइन्छ ।

सोहराईको तेस्रो दिनमा गरिने अन्तिम विधिविधानले भने सोहराई चाडको महिमालाई प्रस्टाएको बुझिन्छ । त्यस दिन घरमा विधिपूर्वक पूजाआजा गर्नको निम्ति घरमूली अर्थात् आफ्नो दाजुभाइको खलकबाट एकजना त्यस्तो व्यक्तिलाई पहिले नै गुरूवाको प्रतिनिधिको रूपमा छानिसकेको हुन्छ जसले राँगाको मासु कहिले पनि खाँदैन । पहिला पहिला यस्तो कामको लागि गाउँ मध्येबाट नै एक गुरूवा छानिएको हुन्थ्यो तर गुरूवा ले गाउँभरिको प्रत्येक घरघरमा गई विधिपूर्वक पूजा गर्दा समय धेरै लाग्न गई समयमा नै भोजन गर्न नपाएको कारणले गर्दा यस्तो परिवर्तन आएको कुरा त्यहाँका स्थानीय व्यक्तिहरू बताउँदछन् । गुरूवा अर्थात् पूजा गर्न जाने व्यक्ति बिहान नुहाई धुवाई चोखो भई सबभन्दा पहिले आफ्नो घरमा पूजाआजा गर्दछ अनि मात्र अरूको घरमा पूजा गर्न जाने गर्दछ । पूजा गर्ने विधि विधान अनुरूप भान्छा कोठामा पूजा गर्नको लागि एउटा सानो ठाउँ

पोतेर चोखो पारी राखिएको हुन्छ जसमा चामलको पिठोले चारकुने आकारमा रेखी कोरी त्यसमाथि धान राखिन्छ । त्यसपछि विभिन्न किसिमका रोटीहरू धान माथि राखी पूजा गरिन्छ । तत्पश्चात फूल नपारेको पोथी कुखुराको बलि चढाई भकारी, हलो आदि भान्छाको वरिपरि रगत छर्किइन्छ र त्यसमाथि रक्सी खन्याइन्छ । अन्त्यमा पानी छर्केर भान्छा कोठाको पूजाको समापन गरिन्छ । यी थारूहरूको इष्ट देवता गन (महिला) र त्रिपुरा (पुरुष) हुन् । तसर्थ गन देवताको सम्झनामा भान्छा कोठामा पूजा गरिएको हुनाले पोथी कुखुरा नै चढाउनु पर्ने बाध्यता रहेको पाइन्छ ।

भान्छा कोठा पछि घरभित्र पस्ने मूल दैलोको ठीक सामुन्ने आँगनमा चामलको पिठोद्वारा पहिलाकै विधि अनुसार रेखी कोरी गैंडुको पूजा गरिन्छ । यस पूजालाई घर गैंडु पूजा भनिन्छ । यसरी गैंडुको पूजा गर्दा सर्वप्रथम जोडी गैंडु रोटीहरू चढाइन्छ र त्यसपछि भालेलाई काटेर पूजा गरिएको ठाउँमा रगत छर्की अन्त्यमा त्यसमाथि पानी छर्केर घर गैंडु पूजाको समापन गरिन्छ । घरको संभार होस् भन्ने मनसायले यसरी घरको दैलो अगाडि घर गैंडुको पूजा गरिएको पाइन्छ ।

घरको चौकोसभित्र पस्ने मुख्य ढोकाको ठीक सामुन्ने बाटोमा वनदेवीको नाममा घर गैंडु पूजाकै विधि अनुसार पूजा गरिन्छ तर वनदेवीलाई पूजा गर्दा धान भने चढाइँदैन् । जुन पूजालाई वन पसार पूजा वा वन गैंडु पूजा भनिन्छ । आफ्नो घरमा पालिएका गाई वस्तुलाई जंगलमा चराउन लैजाँदा कथंकदाचित जंगली जनावरहरूले आक्रमण गर्न आए भने पनि वनदेवीलाई खुशी पारिराखेको खण्डमा ती गाईवस्तुलाई जंगली जनावरको आक्रमणबाट वनदेवीले बचाउँछिन् भन्ने विश्वासले नै वर्षमा एकदिन यसरी वनदेवीलाई खुशी पार्न भाले काटी रक्सी चढाएर विधिपूर्वक पूजाआजा गरिएको हो । एकातर्फ वनदेवीलाई रक्सी चढाई पूजा गरिएको हुनाले वनदेवी मात्तिएर बसेकी हुन्छिन् भने अर्को तर्फ सोही दिन बिहान घरमुलीद्वारा गाईवस्तुको पूजा गरी गाईवस्तुलाई भातको ग्वाला खुवाउँदा टन्न रक्सी पनि खुवाएको हुनाले एक त वनदेवीले रेखदेख गर्न नसक्ने र अर्को स्वयं ती गाईवस्तुहरू आफै पनि मातिएर चर्न जान असमर्थ भएका हुनाले त्यसदिन तिनीहरूलाई चर्नको लागि भनेर वनमा पठाइँदैन तर खोलामा नुहाउनको लागि भने भैंसीलाई विना गोठालो नै पठाइन्छ । यदि त्यस दिन त्यसरी छोडिएका ती मातिएका भैंसीहरूले कसैको बाली तथा धनजनका नोक्सान गरिहाले भने ती भैंसीका मालिकले कुनै पनि क्षतिपूर्ति व्यहोर्न भने पर्दैन ।

यसरी भान्छा, दैलो अगाडि आँगन तथा घरको चौकोसभित्र पस्ने बाटोमा पूजा गर्दा ती चढाइएका विभिन्न किसिमका रोटीहरू पूजा गर्ने व्यक्तिले पूजा सिध्याउन नपाउँदै घर तथा वरिपरिका बच्चाहरू तँछाड मछाड गर्दै दुई हातले सोर्न आउँछन् र जुन बच्चो रोटी पाउँदैन उ रून कराउन थाल्दछ । हुन त तीन दिनदेखि निरन्तर रूपमा यस्ता रोटीहरू खाँदै आएको भए पनि यसरी सोरेको रोटी खानमा मजा नै अर्कै हुन्छ भन्ने कुरा स्वयं स-साना बच्चाहरू बताउँछन् । यसरी चढाएको रोटी बच्चाहरूद्वारा सोरेर खाने प्रावधानले गर्दा पनि यस चाडलाई सोहराई भनेको पो हो कि भनेर शंका गरेको पनि नपाइने होइन ।

वन पसार पश्चात अन्त्यमा गाढाको पूजा गरेपछि भने पूर्ण रूपमा पूजाको विसर्जन हुन्छ । गाढाको पूजा खास गरी वन्जराइन माईको नाममा गरिन्छ जसले यातायातका साधनहरूलाई कुनै पनि दुर्घटना हुनबाट बचाउँछिन् भन्ने विश्वास गरिन्छ । गाढाको पूजा गर्दा भालेको सट्टा एक जोडी परेवा काटिन्छ भने रक्सीको सट्टा दूध चढाइन्छ । बन्जराइन माईलाई भाले मन पर्दैन भन्ने विश्वासले गर्दा एक जोडी परेवा चढाइएको हो । बन्जरांइन माईलाई यदि रक्सी चढाएको खण्डमा रक्सीले गर्दा उनी मात्तिएर बस्ने हुनाले त्यस दिन यातायातको कुनै पनि साधनको दुर्घटना हुन सक्छ भन्ने विश्वासले गर्दा नै वन्जराइन माईलाई रक्सीको सट्टा दूध चढाउनु पर्दछ । साथै मुछेको चामलको पिठोमा सख्खर तथा सख्खर नपाए चिनी हालेर चामलको सिरनी बनाई गाढालाई चढाएर प्रसादको रूपमा सबैले खाने गर्दछन् ।

यसरी पूजाआजा सबै सिद्धिसकेपछि आ-आफ्नो घरको चेलीबेटी तथा ज्वाईलाई भोज खुवाउने काम

गरिन्छ । त्यस दिन माछा, मासु, रक्सी, दाल, भात तरकारी आदि विभिन्न परिकारहरू पकाईन्छ । सोही दिन बेलुका फेरि गाउँभरिका मानिसहरू सबभन्दा पहिले गाउँको मुख्य तथा जेठोबाठोको घरमा जम्मा हुन्छन् त्यसपछि नाचगान गर्दै प्रत्येकको घर घरमा गई रोटी र रक्सी खाई रमाइलो गर्दछन् । यसरी घर-घरमा गई रक्सी र रोटी खाने चलनलाई सोहराई खाई भनिन्छ । तर आजभोलि यो सोहराई खाईको चलन पूर्ण रूपमा बन्द भइसकेको पाइन्छ । एक त आजभोलि त्यहाँका थारूहरू पर्यटन व्यवसायमा लागेर यति व्यस्त भैसकेका छन् कि उनीहरूलाई घर घरमा गएर रमाइलो गर्ने फुर्सद नै हुँदैन भने अर्कोतर्फ उनीहरू सोहराई पर्वमा गाउने गीत नै गाउन जान्दैनन् ।

पूजा गर्दा चढाएको धान भने पहिला पहिला जसले गाईवस्तु चराउन लैजान्थे तिनै हरूवा चरूवाले लाने गर्दथे तर आजकल प्रत्येक घरमा गाईवस्तु कम हुने हुनाले हरूवा चरूवा राख्ने चलन नै देखिदैन । त्यसैले बेलुका हात खुट्टा धोएर चोखो भई घरकै व्यक्तिद्वारा धान उठाउने गरिन्छ तर धेरैजसोले चाहिं सो धान आफ्नो घरमा नभित्र्याई गरीब गुरूवालाई बाँड्ने पनि गर्दछन् । यसरी आफन्त तथा छोरी चेलीबेटीलाई बोलाएर बडो हर्षोल्लासका साथ परम्परागत रूपमा मनाइने महत्त्वपूर्ण चाड सोहराईमा आ-आफ्नो क्षमता अनुसार खर्च गरेको पाइन्छ । यस चाडको तयारीको लागि १, २ हप्ता अघिदेखि नै घरका पुरूष तथा महिलाहरू सामान जुटाउनमा व्यस्त रहेको देखिन्छन् । खासगरी यस चाडमा विशेष रूपमा जुटाउनु पर्ने एक जोडी परेवा (गाढा हुनेको लागि मात्र) रक्सी, भान्छा, घर गैंडु तथा वन पसारको पूजाको लागि पोथी तथा भाले परेवा गरी तीनवटा कुखुराहरू मुख्य रूपमा रहेका छन् । घरका पुरूष तथा महिला दुवै वर्गले समान रूपमा सहभागी भई प्रस्तुत चाड मनाउने गरेको पाइन्छ ।

घुमन्ते तथा शिकारी जीवन व्यतीत गर्दै अन्त्यमा कृषि पेशामा संलग्न भएका यी थारू समुदायले आफ्नो पहिलाको जीवनसंग सम्बन्धित सबै पक्षलाई सम्झेर पूजाआजा गर्ने हुनाले पनि अरू चाडको भन्दा यस चाडको विशेष महत्त्व रहेको देखिन्छ । साँच्चै नै यस पर्वमा कृषिसंग सम्बन्धित विभिन्न औजारहरू, घरको रक्षाको लागि घरगैंडु, गाईवस्तुको सम्भारको लागि वनदेवी, यातायातको साधनको रक्षाको लागि वन्जराइन माई लगायत आ-आफ्ना इष्ट देवताहरूलाई पनि सम्झेर पूजाआजा गरिनुका साथै तथा वरमथानमा पनि सामान्य पूजा गरिने हुनाले पनि होला चितवन जिल्लामा बसोबास गर्ने यी चितौनीया थारूहरूले अन्य चाडभन्दा भिन्दै किसिमले यो चाड मनाउने गरेको पाइन्छ ।

## सन्दर्भ ग्रन्थ सूची


Mc Doughal, Charles, 1968, Village and Household Economy in Tharu Western Nepal, Kathmandu : Tribhuvan University .

Majumdar, D. N., 1944, Fortues of the Primitive Tribe, Lucknow: Universal Publishers.

Shrivastava, S. K, 1957, The Tharus : A study in culture Dynamics, Agra: Agra University.

Pyakuryal, Kailash, 1982, Ethnicity and Rural Development : a Socilolgical Study of four tharu villages in Chitwan Nepal, PhD Thesis, Michigan State University .

Muller-Boker, Ulrike, 1991 a, "Ethnobltanical Studies among the Chitwan Tharus," Journal of the Nepal Research Centre 9, PP. 17 -56 .

..........................., 1991b, " Wild animals and Poor People : conflicts between conservation and Human Needs in Chitwan (Nepal)" European Bulletin of Himalayan Reserach, 2, PP. 28 - 30 .

............................, 1991c, "Knowledge and Evaluation of the Environment in Traditional Societies of Nepal, "Mountain Research and Development. Vol. II, No. 2. PP. 101 - 114.

........................, 1993, Tharus and Pahariyas

in Chitwan: Some observations concerning and Queation of multi ethnicity in Nepal "in Grard Toffin (ed) Nepal part and present, New Delhi." Sterling Publishers, PP. 179 -194 .

Panjiyan, Tej, 1993, "Malaria As Tharus Protective Shield "Rising Nepal, July 16.

Kunwar, Ramesh Raj, 1997, "Study of Hori Festival of the Rana Tharus of Nepal," Voice of History, central Dept. of History, T. U., Kirtipur Campus, Vol XII, No. 1, July, PP. 94 - 105.

......................., 1998, " The Tharus and Their Seven Day Holiday ", Voice of History, Vol XIII, No.1, Kathmandu Kirtipur : Central Department of History, Kirtipur Campus, Tribhuvan University, PP. 43 - 56.

.................., 1999, "An Anthropological Study of Tourism in Sauraha", Nepalese Tourism in the millennium : Challenges & opportunities, Nepal Association of Travel Agents, PP. 15 - 34.

Chaudhari, Nil Kumar, 1998 (B. S. 2055), "An introduction to Chitaune Tharu", Kathmandu : Help Nepal Association.

Guneratne, Upali Arjun, 1994, The Tharus of Chitwan : Ethincity, Class and the State in Nepal, Unpublished PhD Thesis, University of Chicago, Illinois.

....................., 1998, " Modernization, the State, and the Construction of a Tharu Identity in Nepal", The Journal of Asian Studies, 57 No. 3 PP. 749 - 773.

King Mahendra Trust for Nature Conservation, 1996, Royal Chitwan National Park After Twenty Years : An Assisment of Values, Threats and Opportunities, Chitwan : KMTNC.

Gurug Harka and Jan Salter, 1996, Thesis of Nepal, Kathmandu : Himal Publisher